प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री एवं रक्षामन्त्री शेर बहादुर देउवाको अध्यक्षतामा रक्षा मन्त्रालय, सिंहदरबारमा मिति २०७९ साउन २५ गते बुधबार रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०७८/७९ मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको चौथो त्रैमासिक एवं वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक बस्यो ।

उक्त बैठकमा रक्षा मन्त्रालय, नेपाली सेना, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति लगायतका निकायहरूबाट आ.व.२०७८/७९ को चौथो त्रैमासिक एवं वार्षिक प्रगति समीक्षा हुनुका साथै कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र चुनौती तथा समाधानका सम्भावित उपायहरू बारेमा समेत विस्तृत छलफल भयो ।

वार्षिक समीक्षामा रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादित कार्यहरूको प्रगति प्रस्तुत गर्ने क्रममा चालू खर्चतर्फ वित्तीय प्रगति ९९.२५%, पुँजीगत तर्फ वित्तीय प्रगति ६१.९४ % तथा भौतिक प्रगति ६५.०५% हासिल भएको र अन्य निकायहरूबाट अख्तियारी प्राप्त कार्यक्रमहरूमा पुँजीगत तर्फ वित्तीय प्रगति ९८.०२% र भौतिक प्रगति ९९.९०% हासिल भएको साथै बेरुजू फछ्र्यौट तर्फ ५७.२७ % प्रगति भएको जानकारी भयो ।

समीक्षा बैठकमा सम्माननीय प्रधानमन्त्री तथा रक्षामन्त्रीले मन्त्रालयको प्रगति विवरण उत्साहजकन नै रहेको र चालु आ.व.मा अझ थप प्रगति हासिल हुने गरी कार्य गर्न रक्षा मन्त्रालय, नेपाली सेना र मातहत निकायलाई निर्देशन दिनुभयो । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा देखा परेका सुरक्षा चुनौतीहरूलाई विश्लेषण गर्दै राष्ट्रिय सुरक्षा नीति तथा प्रतिरक्षा नीतिको कार्यान्वयन र यस क्रममा अन्तर निकाय र अन्तर्गतका निकायहरूको आ.व.२०७८/७९ को चौथो त्रैमासिक अवधिको प्रगति सन्तोषजनक रहेको कुरा व्यक्त गर्नुभयो । रक्षा मन्त्रालय र नेपाली सेनाद्वारा निर्माणाधीन विकास कार्यक्रम तथा आयोजनाहरू समयमै सम्पन्न गर्न सरोकारवाला सबै मन्त्रालयहरूले आवश्यक समन्वय तथा सहयोग गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो । वहाँले काठमाडौं-तराई/मधेश द्रुतमार्गको खोकना क्षेत्रमा पर्ने जग्गा प्राप्तिको विषय तत्काल समाधान गरी उक्त आयोजना तोकिएकै समयमा सम्पन्न गर्ने गरी अगाडि बढाउन निर्देशन दिनुभयो । साथै, बंकरदेखि ब्यारेकसम्म कार्यक्रम अन्तर्गत निर्माण गर्न बाँकी संरचनाहरूको निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्न आवश्यक श्रोतसाधन व्यवस्थापन गर्न सम्बन्धित

निकायलाई निर्देशन दिनुभयो । यसका अतिरिक्त Peace Keeping Mission मा नेतृत्वदायी भूमिका विस्तार गर्न सरकारको तर्फबाट आवश्यक पहल गर्ने कुरा समेत व्यक्त गर्नुभयो । हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटलाई यथाशीघ्र सडक सञ्जालसँग जोड्ने गरी कर्णाली राजमार्गको निर्माण कार्य अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाली सेनाका प्रधानसेनापति श्री प्रभुराम शर्माले छलफलको क्रममा उठेका विषयहरूको बारेमा संक्षिप्त धारणा राख्दै उत्तर-दक्षिण करिडोर सडकहरूको निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइने तर कठिन भूगोलका कारण थप समय लाग्नसक्ने संभावना समेत औंल्याउनुभयो ।

समीक्षा बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा.विश्वनाथ पौडेलले राष्ट्रिय महत्त्वको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना तोकिएकै समयमा सम्पन्न गर्ने गरी अगाडि बढाउनुपर्ने कुरामा जोड दिनुभयो ।

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गर्ने राष्ट्रिय महत्त्वको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना समयमै सम्पन्न गर्न सम्बन्धित सबै निकायले सहजीकरण गर्न निर्देशन दिनुभयो । खोकना इलाकाको जग्गा प्राप्ति सम्बन्धी समस्या समाधानका लागि राजनीतिक स्थलको पहल र समन्वय जरुरी भएको कुरा समेत औंल्याउनु भयो ।

रक्षा मन्त्रालयका सचिव श्री किरणराज शर्माले सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै आ.व.२०७८/७९ मा मन्त्रालय र अन्तर्गत निकायबाट हासिल भएका मुख्य मुख्य उपलब्धीहरूका बारेमा चर्चा गर्नुभयो ।

समीक्षा बैठकमा रक्षा मन्त्रालयका योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा प्रमुख श्री बाबुराम अधिकारीले मन्त्रालय र अन्तर्गतको चालु आ.व.को चौथो त्रैमासिक एवं वार्षिक प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो ।

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाडौं
२५ साउन २०७९

(नेपाल सरकार रक्षा मन्त्रालय सिंहदरबार)

कविता निरौला ढुङ्गेल
उपसचिव एवं सहायक प्रवक्ता